मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत १८ गते बुधबार ❑ 1 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## अर्थतन्त्र सुदृढीकरणका लागि निजी क्षेत्रसँग हातेमालो गर्न सरकार तयार छ : अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, १७ चैत

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई 'गरिखाने मान्छेहरूको देश'का रूपमा चिनाउने गरी अर्थतन्त्रको विकास गरिने बताउनुभएको छ।

नेपाल चेम्बर अफ कमर्शका पदाधिकारी तथा पूर्वपदाधिकारीसँग मंगलबार भएको भेटमा उहाँले अर्थतन्त्र सुदृढीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्न हातेमालो गर्न सरकार तयार रहेको बताउनुभयो। अर्थमन्त्री डा वाग्लेले राज्यले निजी क्षेत्रलाई उद्यम विकास र विस्तारका लागि आवश्यक सहजीकरण गर्ने स्पष्ट पार्दै देश निर्माणमा सबै पक्षले साझा जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिनुभयो। "हामी देश बनाउने हुटहुटीका साथ आएका छौँ, अब अर्थतन्त्र बलियो बनाउन हातेमालो गरौँ । तपाईंहरूलाई उड्ने र फैलने सुविधा राज्यले प्रदान गर्छ", उहाँले भन्नुभयो,"इमान्दार उद्योगी-व्यवसायी कानुनी जटिलताका कारण बदनाम बन्ने अवस्था आउन नदिन सरकार प्रतिबद्ध छ। रोजगारी सिर्जना गर्ने निजी क्षेत्रलाई राज्यका तर्फबाट कुनै किसिमको हैरानी हुन नहुने अवस्था बनाउन हामी प्रतिबद्ध छौँ ।" अर्थमन्त्री डा वाग्लेले उद्योग-व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीतिगत व्यवस्था र सहजीकरणका विषयमा निजी क्षेत्रबाट सुझाव मागिनेसमेत बताउनुभयो। "अर्थतन्त्र निर्माणका लागि राज्यले गर्नुपर्ने सबै कार्य गर्न तयार छौँ, तर निजी क्षेत्र पनि इमानदार हुनुपर्छ" उहाँले भन्नुभयो। अर्थमन्त्री डा वाग्लेले मुलुकको सर्वाङ्गीण विकासका लागि सबै पक्ष एक ठाउँमा उभिनुपर्नेमा जोड दिँदै निजी क्षेत्रसँग पारदर्शिता र जिम्मेवारीको अपेक्षा गर्नुभयो । "निजी क्षेत्र इमानदार भए राज्यले दिलोज्यान दिएर सहयोग गर्छ, म त्यसको जिम्मा लिन्छु", उहाँले भन्नुभयो, "तर नियोजित र प्रायोजित गल्ती तथा बेइमानीमा भने सरकार निर्मम हुन्छ।"

अर्थमन्त्री डा वाग्लेले नेपाल अल्पविकसित मुलुक (एलडिसी) बाट स्तरोन्नति हुने विषयमा निजी क्षेत्रको चिन्तालाई आफूले बुझेको उल्लेख गर्दै तत्काल त्यस्तो अवस्था नआउने बताउनुभयो।

## पोखरामा अवैध ट्रान्स पार्टी गरिरहेको अवस्थामा ३८ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

सायद कसैले कल्पना पनि नगरेको दृश्य सोमबार राति पोखराको सेदीस्थित सामुदायिक वन नजिकै देखियो।

संगीतको तेज धुन, जंगलको एकान्त वातावरण र त्यसैबीच लागुऔषधको नशामा रमाइरहेका युवायुवती–यही अवस्थाबाट प्रहरीले ३८ जनालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय कास्की, वडा प्रहरी कार्यालय बैदाम र लागुऔषध नियन्त्रण ब्युरो पोखराको संयुक्त टोलीले राति करिब १:३० बजे गोप्य सूचनाका आधारमा छापा मारेको थियो। यो ट्रान्स पार्टी कम्तीमा ७२ घण्टासम्म सञ्चालन गर्ने योजना बनाइएको रहेछ । तर प्रहरीको सक्रियताले पहिलो रातमै उक्त योजना असफल बनायो।

प्रहरीले घटनास्थलबाट विभिन्न प्रकारका प्रतिबन्धित लागुऔषध बरामद गरेको छ। बरामद सामग्रीमा एमडीएमए, चरेस, कोकिनजस्तो देखिने सेतो धुलो, खैरो हेरोइनजस्तो पदार्थ, 'आइस' भनिने एम्फेटामिन, गाँजा, म्याजिक मसरुम र एलएसडीसमेत रहेका छन्। यी सामग्रीहरूले त्यहाँ भइरहेको गतिविधिको गम्भीरता स्पष्ट पार्छन् । पक्राउ परेकामध्ये १२ जनामाथि लागुऔषधसम्बन्धी मुद्दा चलाउने तयारी भइरहेको छ भने ४ जनामाथि अभद्र व्यवहारको मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरिबहादुर बस्नेतले बताए । बाँकी २६ जनालाई आवश्यक सोधपुछपछि अभिभावक तथा आफन्तको जिम्मा लगाइएको उनले जनाए।

मुद्दा चलाइएका व्यक्तिहरूमा नेपाल, भारत र ब्राजिलका नागरिकसमेत रहेका छन् । प्रहरीका अनुसार पार्टी स्थलमा पुग्दा विदेशी तथा नेपाली युवायुवती लागुऔषधको नशामा डुबेका थिए । यस्तो गतिविधि पोखरामा अवैध मानिन्छ, र यसले पर्यटन सहरको छविमा समेत नकारात्मक असर पार्न सक्ने चिन्ता व्यक्त गरिएको छ। प्रहरीले यस्ता घटनामाथि कडाइका साथ निगरानी बढाउने जनाएको छ।

## पार्टी अध्यक्ष ओलीको रिहाइका लागि थप आन्दोलनका कार्यक्रम घोषणा

**रासस**
काठमाडौं, १७ चैत

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टी अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकको रिहाइको माग गर्दै थप आन्दोलनका कार्यक्रम घोषणा गरेको छ।

ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा पार्टी उपाध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा आज बसेको सचिवालय बैठकले पार्टी अध्यक्ष ओली र कांग्रेस नेता लेखकको रिहाइको माग गर्दै थप आन्दोलनका घोषणा गर्ने निर्णय गरिएको बैठकपछि एमाले महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार यही चैत २५ गतेसम्म जिल्लास्तरमा बृहत् कार्यकर्ता भेला, चैत २८ गते सबै पालिकास्तरमा विरोध प्रदर्शन, आगामी वैशाख ३ गते सम्पूर्ण वडा तहमा वडाभेला र विरोध प्रदर्शनका कार्यक्रम राखिएका छन्।

यस्तै, वैशाख ७ गते प्रदेशस्तरीय विरोध प्रदर्शन र सभा, वैशाख१२गतेराजधानीकाठमाडौँमा विरोध प्रदर्शन तथा सभा आयोजना गर्ने महासचिव पोखरेलले जानकारी दिनुभयो। बैठकले पार्टीले वर्तमान परिस्थितिका सम्बन्धमा नागरिक समाज तथा विभिन्न वर्ग र पेसासँग सम्बन्धित सङ्घ/सङ्गठनसँग जिल्ला तथा केन्द्रीयस्तरमा संवाद तथा अन्तर्क्रिया कार्यक्रम गर्नेसमेत निर्णय गरेको छ। यस्तै, आगामी वैशाख ९ (अप्रिल २२) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना दिवस मनाउन सबै पार्टी कमिटी तथा जनवर्गीय सङ्गठनलाई आह्वान गरिएको र चाँडै नै केन्द्रीय कमिटीको बैठक बस्ने विषयमा छलफल भएको महासचिव पोखरेलले बताउनुभयो।

## कांग्रेसका देउवा र कोइराला समूहको बैठक

**रासस**
काठमाडौं, १७ चैत

नेपाली कांग्रेसका पूर्व सभापति शेरबहादुर देउवा र नेता डा शेखर कोइराला समूहको बैठक काठमाडौँको धुम्बाराहीस्थित एक होटलमा बसेको छ।

कांग्रेसका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले आह्वान गर्नुभएको सो बैठकमा १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका सदस्य तथा पदाधिकारीहरूको सहभागिता रहेको थियो।

यस बैठकमा कांग्रेसका नेता डा शेखर कोइराला, निवर्तमान सहमहामन्त्रीहरू बद्री पाण्डे, जीवन परियार महालक्ष्मी उपाध्याय 'डिना' एवं केन्द्रीय सदस्यहरूको उपस्थिति रहेको थियो । त्यसैगरी १४ औँ महाधिवेशनमा उपसभापति निर्वाचित विमलेन्द्र निधि र प्रकाशमान सिंह, पूर्वमहामन्त्री डा शशांक कोइरालाको पनि उपस्थिति रहेको थियो।

सो बैठकमा सामसामयिक राजनीतिक विषयवस्तुहरूका साथै पार्टीको आन्तरिक विवाद, नेपाली कांग्रेसको आगामी १५ औँ नियमित महाधिवेशन तथा आगामी संसदमा नेपाली कांग्रेसका सांसदहरूको उपस्थिति र प्रस्तुति आदि विषयमा कुराकानी भएको थियो।

## कांग्रेसले निर्वाचन समीक्षाका लागि सातै प्रदेशमा तोक्यो प्रतिनिधि

**रासस**
काठमाडौं, १७ चैत

नेपाली कांग्रेसले हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको समीक्षा तथा पार्टीको आगामी कार्यदिशाबारे छलफलका लागि प्रतिनिधि तोकेको छ।

महामन्त्री प्रदीप पौडेलले आज एक विज्ञप्ति जारी गरी पार्टी केन्द्रीय कार्यसमितिको यही चैत १० र ११ गते सम्पन्न बैठकको निर्णयअनुसार छलफल कार्यक्रम सञ्चालन गर्न प्रतिनिधि तोकिएको जानकारी दिनुभयो । सातै प्रदेशमा १६५ वटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रका उम्मेदवारहरूसँग प्रत्यक्ष छलफल गर्दै समग्र निर्वाचन परिणाम, अनुभव र पार्टीको अबको बाटोका सन्दर्भमा समीक्षा गर्ने विज्ञप्तिमा उल्लेख छ।

यसैगरी, केन्द्रीय प्रतिनिधिको उपस्थितिमा प्रत्येक क्षेत्रमा स्थलगत अध्ययन तथा विश्लेषणसमेत गरिने जनाइएको छ। उक्त कार्यक्रमअन्तर्गत सम्बन्धित प्रदेशमा तोकिएका संयोजकको समन्वयमा केन्द्रीय कार्यसमितिका सदस्य, प्रदेश कार्यसमितिका पदाधिकारी, जिल्ला सभापति, प्रतिनिधिसभा तथा प्रदेशसभा क्षेत्रीय सभापति, प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभाका प्रत्यक्ष र समानुपातिक उम्मेदवारको सहभागिता रहनेछ । कार्यक्रमको व्यवस्थापन सम्बन्धित जिल्ला कार्यसमितिले गर्ने महामन्त्री पौडेलले उल्लेख गर्नुभयो। कार्यक्रमको तालिका अनुसार यही चैत २३ गते कोशी प्रदेशको विराटनगरमा हुने कार्यक्रमका लागि डा डिला सङ्ग्रौला पन्त, चैत २५ गते मधेस प्रदेशको जनकपुरमा हुने कार्यक्रमका लागि फरमूल्लाह मन्सुरलाई प्रतिनिधि तोकिएको छ । यसैगरी, वाग्मती प्रदेशको हेटौँडामा आगामी वैशाख ७ गते हुने कार्यक्रमका लागि बहादुरसिंह लामा, गण्डकी प्रदेशको पोखरामा यही चैत २७ गतेको कार्यक्रमका लागि देवराज चालिसे, लुम्बिनी प्रदेशको दाङमा चैत २९ गतेको कार्यक्रमका लागि योगेन्द्र चौधरीलाई प्रतिनिधि तोकिएको छ। यस्तै, कर्णाली प्रदेशको सुर्खेतमा आगामी वैशाख ३ गते हुने कार्यक्रमका लागि कर्णबहादुर बुढा र सुदूरपश्चिम प्रदेशको कैलालीमा वैशाख ५ गतेको कार्यक्रमका लागि प्रकाश रसाइली स्नेहीलाई प्रतिनिधि तोकिएको विज्ञप्तिमा जनाइएको छ । कांग्रेसले यस कार्यक्रममार्फत निर्वाचन परिणामको समीक्षा गर्दै पार्टी सुदृढीकरण, सङ्गठन विस्तार तथा आगामी रणनीति तय गर्ने लक्ष्य राखेको जनाएको छ।

## याङ्जाकोटमा एडभान्स फोटो पत्रकारिता तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशको आयोजनामा कास्कीको याङ्जाकोटमा 'एडभान्स फोटो पत्रकारिता तालिम सुरु भएको छ।

नेपाल फोटो पत्रकार संघ, कास्कीको सहकार्यमा कास्कीको मादी गाउँपालिका -३ याङ्जाकोटमा मंगलबार देखि सुरु भएको तालिम बुधबार सकिनेछ । तालिमको उद्घाटन प्रेस रजिष्ट्रार विमला भण्डारीले गरेकी थिइन्। कार्यक्रममा प्रेस रजिष्ट्रार भण्डारीले एउटा उत्कृष्ट तस्बिर हजारौ शब्दभन्दा पनि बलियो हुने भएकाले समाचारमा फोटो अति आवश्यक रहेको बताइन् । 'फोटो पत्रकारको एक क्लिकले इतिहास, मानवीय संवेदना, समाजको यथार्थ एकै सेकेन्डमा दस्तावेजीकरण गरेको देखेको छौं,' उनले भनीन्, '




भाषा नबुझको अवस्थामा पनि तस्बिरले धेरै कुरा बुझेको अवस्था छदैछ। तस्बिरले भूगोल, सिमाना र भाषाको पर्खाल नाघेर एकै ठाउँमा राख्ने वातावरण सिर्जना गरेको छ ।' पछिल्लो समयको डिजिटल युगमा एआईको माध्यमबाट फेक तस्बिर बनाएर भ्रम फैल्याउने गलत काम भइरहेका समयमा सजग हुनुपर्नेमा उनको जोड थियो । यस चूनौतिलाई चिर्दै अघि बढ्नुपर्ने फोटो पत्रकारहरुसामु चूनौति रहेको उनको भनाइ थियो । यी विषयमा पनि तालिममा छलफल हुनुपर्ने उनले बताइन् । आगामी दिनमा फोटो पत्रकारको क्षमता अभिवृद्धिका लागि आवश्यकताका आधारमा तालिमका कार्यक्रम गर्दै जाने उनको प्रतिवद्धता थियो।

तालिमका मुख्य प्रशिक्षक हरी महर्जनले फोटोको कला सिक्नका लागि तालिम फाइदाजनक हुने बताए । प्रशिक्षार्थीहरुको आवश्यकता हेरी प्रशिक्षण दिएर फोटो पत्रकारितामा सँगै हिड्ने उनले सुनाए। नेपाल फोटो पत्रकार संघ कास्कीका अध्यक्ष राम गुरुङले फोटोले समाचारलाई विश्वसनीय बनाउने भएकाले समाचारमा फोटो अनिवार्य रहेको बताए। त्यसैले फोटो पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि प्रेस रजिष्ट्रारको आयोजनामा भएको तालिममा संघले सहकार्य गरेको उनको भनाइ थियो । कार्यक्रममा संघकी उपाध्यक्ष तथा कार्यक्रम संयोजक राधिका कंडेलले फोटो पत्रकारको अभिवृद्धिका लागि तालिम आयोजना गरिएको बताइन् । सोही अनुसार फोटो पत्रकारहरु प्रशिक्षित हुनेमा उनले विश्वास व्यक्त गरिन् । तालिममा फोटोको आधारभूत ज्ञान, फोटोको प्रकार, कम्पोजिसन, फोटो क्याप्सन, फोटो स्टोरी, कानुनी प्रावधानलगायतका विषयमा प्रशिक्षण दिइनेछ । हरी महर्जन, केशवशरण लामिछाने, घनश्याम पौडेल, कृष्णमणि बराल र दुर्गा रानामगरले तालिममा प्रशिक्षण दिनेछन् । तालिममा पोखराका विभिन्न मिडियामा आवद्ध ४० जना फोटो पत्रकार सहभागी छन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाललाई विश्वको ललितकलाको केन्द्र बनाउन सकिनेतर्फ सरकारको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत

विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियान' ले नेपाललाई विश्वको ललितकलाको केन्द्र बनाउन सकिने भन्दै सोका लागि सरकारको ध्यानाकर्षण गराएको छ।

महाअभियानका तर्फबाट प्राज्ञ नगेनसिंह ठकुरीले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मामार्फत प्रधानमन्त्रीलाई आगामी आव २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा समेटिनुपर्ने विषयसहित ध्यानाकर्षण गराउनुभएको हो । नौबुँदे ध्यानाकर्षणपत्रमा नेपाली कला र वास्तुकलालाई विश्वभर चिनाउन अरनिकोको जस्तै स्वर्णयुग बनाउन सकिने उल्लेख गरिएको छ । हरेक सरकारी विद्यालयमा अनिवार्य ललितकलाको कला गुरु राख्नुपर्ने, विभिन्न स्रोतमार्फत उठेको करबाट निश्चित प्रतिशत



ललितकलामा लगाउनुपर्ने, हरेक सरकारी कार्यालयमा अनिवार्य एक कलाकृति राखिनुपर्ने ध्यानाकर्षण पत्रमा भनिएको छ।

नेपालका कलाकारका कलाकृति बैंकमा धितो राखेर ऋण सुविधा उपलब्ध गराउनुपर्ने, नेपाल ललितकला विकास बोर्डको स्थापना गर्नुपर्ने, ललितकला पर्यटनलाई प्रोत्साहन दिनुपर्ने, विज्ञापन बोर्डमा कलाकारको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भनिएको छ । अन्तराष्ट्रियस्तरको कला पुरस्कारको व्यवस्था र छुट्टै ललितकला विश्वविद्यालयको स्थापना गरिनुपर्ने, नेपाल प्रेस काउन्सिलबाट वर्गीकृत 'क' श्रेणीका पत्रिकामा अनिवार्य एक पृष्ठ ललितकलाका लागि छुट्याउनुपर्ने, नेपालको संविधानमा ललितकलालाई राज्यको एक अङ्गका रूपमा उल्लेख गर्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ। सरकारले अघि सारेका १०० बुँदे कार्यसूचीले मुलुकमा सुशासन र समृद्धिको नयाँ आशा जगाएको र कलाकारको विकासले देशको सांस्कृतिक पहिचान उच्च बनाउनुका साथै पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुग्ने भन्दै ध्यानाकर्षणपत्रमार्फत ध्यानाकर्षण गराइएको महाअभियानका प्राज्ञ ठकुरीले जानकारी दिनुभयो । वर्तमान प्रधानमन्त्रीका पालामा नेपालले विश्वमा ललितकला डायमण्ड युगको देश भई हाम्रा सन्ततिले गर्व गर्नसक्ने विश्वाससमेत व्यक्त गरिएको छ । ध्यानाकर्षणपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी शर्माले कलाकारहरूले देशको संस्कृति, पहिचान, पर्यटन, उद्योग र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको उल्लेख गर्नुभयो । सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले नेपाल आफैँ कला-संस्कृतिको धनी देश भएको बताउँदै सुझावसहितको ध्यानाकर्षणपत्र प्रधानमन्त्रीसमक्ष पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।



फेवातालमा प्रदूषण : पर्यटकीय राजधानी पोखराको मुख्य आकर्षण फेवातालमा फिर्केखोलाबाट बगेर आएको फोहोरमैलाले प्रदूषण बढाउँदै । पोखरा बजारको बीच भागबाट बग्ने उक्त खोलाले प्रत्येक वर्ष ढुङ्गा, माटो र प्लास्टिकजन्य फोहोर तालमा थुपार्दा ताल क्रमशः पुरिँदै जमिनमा परिणत हुने जोखिम बढेको देखिन्छ। तस्बिरः हरिप्रसाद बास्तोला/रासस

# किसानलाई अनुदान सहयोगका लागि ५५ लाख विनियोजन

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत

पोखरा महानगरपालिकाले वडास्तरीय कृषि सञ्जाल र वडा कार्यालयको समन्वयमा अनुदानका कार्यक्रम अघि बढाएको छ।

महानगरपालिकाभित्रका ३३ वटै वडालाई लक्षित गरी ५० प्रतिशत लागत साझेदारी गर्नेगरी अनुदानका कार्यक्रम सञ्चालन गरिएको महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार महानगरपालिकाभित्रका बजार क्षेत्रका ११ वटा वडाका लागि प्रतिवडा एक-एक लाख रुपैयाँ र ग्रामीण क्षेत्रका २२ वटा वडाका लागि दुई-दुई लाख रुपैयाँका दरले कुल ५५ लाख रुपैयाँ विनियोजन गरी अनुदानका कार्यक्रम सञ्चालन गरिएको छ । महानगरका ३३ वडा वडामध्ये वडा नं १ देखि १० र १२ नं वडालाई बजार क्षेत्र र अन्यलाई ग्रामीण क्षेत्रका रूपमा लिइएको छ।

वडास्तरीय कृषि सञ्जाल र वडा कार्यालयले त्यहाँको आवश्यकता पहिचान गरेअनुरुप उक्त स्थानमा बजेट विनियोजनअनुसार किसानलाई ५० प्रतिशत अनुदानका कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

# "नाइट रन" सफल बनाउन पर्यटन व्यवसायी एकजुट

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत

पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकको आयोजनामा यही चैत २८ गते हुने पोखरामा हुने "नाइट रन" प्रतियोगिताको तयारी तीव्र पारिएको छ। मंगलबार पोखरास्थित चाइनिज गार्डेन रेस्टुरेन्टमा आयोजित छलफलमा पर्यटन क्षेत्रसँग आबद्ध विभिन्न संघसंस्था, व्यवसायी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूले कार्यक्रमलाई सफल बनाउन आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष, अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले पोखरामा पहिलोपटक हुन लागेको रात्रिकालीन दौडप्रति उत्साहसँगै सुरक्षा चुनौती पनि उत्तिकै रहेकाले त्यसतर्फ विशेष ध्यान दिन आग्रह गरे। साथै उनले क्याम्पिङचोकदेखि पामेसम्मको रुट उपयुक्त हुने सुझावसमेत दिए। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा इभेन्टहरूको सहरको रूपमा स्थापित भइसकेको बताउँदै यस्ता कार्यक्रममा विदेशी पर्यटकको सहभागिता बढाउन सके भविष्यमा बजेट व्यवस्थापनमा सहज हुने विश्वास व्यक्त गरे । पोखरा भ्रमण वर्ष २०२५/०२६ का संयोजक गोपीबहादुर भट्टराईले रातको समयमा आयोजना हुने यस प्रतियोगिताको



छुट्टै महत्व रहेको उल्लेख गर्दै बाराहीघाटदेखि हल्लनचोक क्षेत्रसम्म शान्ति सुरक्षा कायम गर्न स्थानीयले पनि सहयोग गर्ने बताए। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले प्रतियोगितालाई आवश्यकतानुसार सहयोग गर्ने बताउँदै यसलाई पोखराको नयाँ पहिचानका रूपमा स्थापित गर्नुपर्ने धारणा राखे । टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले प्रतियोगितालाई अन्तर िष्ट्रियस्तरको बनाउन विभिन्न अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्न सुझाव दिए। उनले भविष्यमा रुट विस्तार गरी विन्ध्यवासिनी मन्दिर हुँदै अगाडि बढाएर प्रतियोगितालाई पोखराको ब्रान्डिङ बनाउनु पर्नेमा जोड दिए। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरामा नयाँ कार्यक्रम थपिनु सकारात्मक भएको बताउँदै खेलकुदमार्फत पर्यटन प्रवर्द्धन हुने बताए । पोखरेली ट्याक्सी सेवा प्रा.लि.का अध्यक्ष शोभाकान्त पौडेलले प्रतियोगिता सफल पार्नका लागि आवश्यक परे ट्याक्सी सेवा उपलब्ध गराउने प्रतिबद्धता जनाए।

होटल संघ पोखरा नेपालका द्वितीय उपाध्यक्ष गणेशराज पहाडीले नाइट रन र फेवा नववर्ष महोत्सवबीच सहकार्य हुने बताउँदै चैत २९ देखि वैशाख १ गतेसम्म हुने महोत्सवले प्रतियोगिताकोसमेत प्रवर्द्धन गर्ने बताए। प्रतियोगिताका रेस डाइरेक्टर ओम गुरुङले शान्ति सुरक्षाका लागि आवश्यक तयारी गरिए पनि थप व्यवस्थापनका लागि स्थानीयको सहयोग अपरिहार्य हुने बताए। सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष ठाकुर बरालले नयाँ कार्यक्रम भएकाले धेरैभन्दा धेरै धावक सहभागी गराउन आयोजकलाई सुझाव दिए। कार्यक्रम संयोजक दीननाथ बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरि भुजेल, भिटोफ गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटा, रेवान पोखराका प्रथम उपाध्यक्ष वसन्त गौतम लगायतले कार्यक्रम सफल बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। पोखरा प्रवर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले यसअघि पुम्दीभुम्दी पर्वतीय दौड सफलतापूर्वक सम्पन्न भइसकेको उल्लेख गर्दै यस नाइट रनले पोखराको मुख्य पर्यटकीय तथा व्यापारिक क्षेत्र जोड्दै समग्र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । संयोजक दीननाथ बरालले खेलकुद मार्फत रात्रिकालीन पर्यटनलाई प्रवर्द्धन गर्ने लक्ष्यसहित आयोजना गरिएको यो प्रतियोगिता कोशेढुंगा साबित हुने धारणा राखे। नयाँ वर्षको पूर्वसन्ध्यामा "जाग्छ पोखरा, दौडाउँछ पोखरा" नार ासहित आयोजना हुने यस नाइट रनका लागि अनलाइन दर्ता खुला गरिएको र पोखरा क्लिकको अनलाइन पोर्टलमार्फत फारम भर्न सकिने केन्द्रका सचिव सागर सुनारले जानकारी दिए । प्रतियोगितामा आयोजकले सहभागीको बिमाका साथै रिफ्लेक्टिभ (चम्किने) टिसर्ट उपलब्ध गराउने र धावकहरूले हेडल्याम्प प्रयोग गर्न सक्ने आयोजक संस्थाले जनाएका छन् । प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्य, पोखरा-९ को समन्वय तथा विभिन्न संघसंस्थाको सहयोगमा आयोजना हुने प्रतियोगितामा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर हस्पिटल पार्टनर र नेलम्बो नेपाल मेडिकल पार्टनरका रूपमा रहेका छन्।

# हिल पोइन्टमा परिवार नियोजनको सचेतना

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत

नेपाल परिवार नियोजन संघ कास्की शाखाले यौंन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान जारी राखेको छ।

२४ वटा विद्यालय तथा कलेजमा अभियान संचालन गर्ने लक्ष्य सहित सुरु गरिएको अभियान १४ वटा विद्यालय



तथा क्याम्पसमा पुगेको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो।

पछिल्लो समय पोखरा महानगरपालिका वडा नं १२ माटेपानी स्थित हिल पोइन्ट माविमा अभियान संचालन गरिएको छ।

त्यस अवसरमा विद्यायका भाईस प्रिन्सिपल गंगाराम पौडेलले बोल्नुभएको थियो।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारी, र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारीले संचालन गर्नुभएको थियो।

# ओली चिकित्सकको निगरानीमा

पोखरापत्र संवाददाता
पोखरा, १७ चैत

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली चिकित्सकको निगरानीमा रहनुभएको छ। स्वास्थ्यमा समस्या देखिएपछि त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पताल महाराजगञ्जमा भर्ना हुनुभएका अध्यक्ष ओली हाल चिकित्सकको निगरानीमा रहनुभएको अस्पतालका प्रवक्ता डा गोपाल सेढाईंले जानकारी दिनुभयो।

उहाँका अनुसार पित्तथैलीमा पत्थरी र पिसाबमा सङ्क्रमण देखिएपछि अध्यक्ष ओलीलाई निगरानीमा राखिएको हो। प्रवक्ता डा सेढाईंले अध्यक्ष ओलीको स्वास्थ्य अवस्था भने सामान्य नै रहेको बताउनुभयो । अध्यक्ष ओलीलाई जेनजी आन्दोलनको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा गत शनिबार प्रहरीले पक्राउ गरेपछि उपचारका लागि शिक्षण अस्पतालमा भर्ना गरिएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# अनलाइन ठगीमा परेका १२ नेपालीको कम्बोडियाबाट उद्धार

रासस
काठमाडौं, १७ चैत

कम्बोडियामा अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ विभिन्न गैरकानुनी काममा लगाइएका १२ नेपालीको उद्धार गरी स्वदेश फर्काइएको छ।

विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अनलाइन ठगी तथा कम्बोडियामा बिनाभिसा बसिरहेका १२ नेपालीको थाइल्याण्डस्थित नेपाली दूतावासको पहल र कम्बोडियाको सरकारको सहयोगमा उद्धार गरी मंगलबार स्वदेश फर्काइएको हो । यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ । कम्बोडियामा नेपाली नागरिक अनलाईन ठगीलगायत गैर कानुनी काममा लगाइएको र बिना भिसा वा भिसा-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ । कम्बोडियामा माथि उल्लेखित अवस्थामा बसिरहनुभएका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली सङ्घ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ।

स्क्यामिङ केन्द्रमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनि धेरै जनाको गुनासो आएको छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदुतावास बैंककले उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ । कम्बोडियाको प्रयटनसम्बन्धी तथ्याङ्कअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई हजार ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपालीहरू कम्बोडिया गएको देखिन्छ।

नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार थाइल्याण्डलगायत मुलुकमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# कांग्रेसको विवाद फेरि सतहमा

नेपाली काङ्ग्रेसको आधिकारिकता विवाद सर्वोच्च अदालतले टुंगो नलागेसम्म दुई समूह सकृय देखिएका छन। विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापा समूहलाई नेपाली कांग्रेसको चौधौँ महाधिवेशनबाट सभापति बनेका शेरबहादुर देउवा नेतृत्वको समूहले समानान्तर गतिविधि तीव्र पारेको छ। निवर्तमान सभापति देउवा विदेशमा रहे पनि कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा मंगलबार काठमाडौंको धुम्बाराहीस्थित होटल स्मार्टमा उक्त समूहको भेला भएको छ।

फागुन २१ गतेको चुनावी परिणामपछि पार्टी फुट्ने आशंका बढिरहेका बेला चौधौँ महाधिवेशनबाट निर्वाचित १२३ जना केन्द्रीय कार्यसमिति सदस्यहरू भेलामा सहभागी भएको दाबी देउवा पक्षको छ। मंगलबारदेखि सुरू भएको भेलामा अहिलेसम्म १५ जना केन्द्रीय सदस्यहरूले आफ्नो धारणा राखिसकेका नेता मानबहादुर नेपालीले बताए। बैठकमा जम्मा १२३ जना केन्द्रीय कार्यसमिति सदस्य सहभागी भएको बताइएको छ।

भेलामा सहभागी चौधौँ महाधिवेशनका केन्द्रीय कार्यसमिति सदस्य मानबहादुर नेपालीले पुसमा भएको विशेष महाधिवेशनलाई 'नाटक' भनेका छन्। गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई अन्यत्रका शक्तिले चलाएको भन्नेहरुलृ 'उहाँहरू शक्ति केन्द्रको इशारामा चलेर कांग्रेसको एउटा पंक्तिलाई पाखा लगाउने कदमले फागुन २१ को चुनावमा नराम्रो हार भएको छ,' नेपालीले बैठकमा भने।

देउवा समूह चुनावमा होमिएपछि आन्तरिक विषय थाती राखेको दाबी छ। आन्तरिक विवादले चुनावमा असर पारेको धेरै बुझाइ छ। 'निर्वाचन आयोगले गगन थापाहरूलाई वैधता दिएपछि फागुन २१ गतेको निर्वाचन नसकुञ्जेल पार्टीको आन्तरिक विषयलाई थाती राखेकाहरु ृयसबीचमा गगन-विश्वप्रकाश शर्माले वार्ता, संवाद र सहमतिको कुनै पहल। उहाँहरू जुन शक्तिको इशाराबाट काम गर्नु भएको छ, त्यो ठीक भएन।'

नेपालीले अझै पनि लापरवाही, बलमिच्याइँ र पेलेर जान खोजे आन्तरिक संघर्ष चर्काउने चेतावनी दिए। 'अहिले हाम्रा केन्द्रीय कार्यसमितिका साथीहरूलाई मनोवैज्ञानिक दबाब दिने, तर्साउने र धम्की दिने काम भइरहेको छ,' उनले भने। यो तहको गतिविधि र आरोपप्रत्यारोप लगान थालेका छन।गगन थापाको नेतृत्व गरेको काङ्ग्रेस चुनावमा हारेको भन्दै आएका छन।विवादले गर्दा लोकतान्त्रिक शक्ति कमजोर हुनु हो। लोकतन्त्रलाई सहि मार्गमा ल्याउन दुवै पक्ष संवादमा तयार हुन आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# लोकप्रिय बन्दै पालुङटारको 'किसानसँग बीउ पैँचो' कार्यक्रम

**पोखरापत्र संवाददाता**
गोरखा, १७ चैत

जिल्लाको पालुङटार नगरपालिकाले सञ्चालन गरेको 'किसानसँग बीउ पैँचो' कार्यक्रम लोकप्रिय बन्दै गएको छ। आर्थिक वर्ष २०८१/८२ देखि सुरु भएको उक्त कार्यक्रममा हाल पालिकाका अधिकांश किसान आबद्ध रहेका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसीले बताउनुभयो।

उहाँका अनुसार कार्यक्रमअन्तर्गत पालिकाले कृषक, कृषि समूह तथा कृषि सहकारीलाई शतप्रतिशत अनुदानमा बीउ उपलब्ध गराउँदै आइएको छ। पालिकाले किसानको इच्छाअनुसार विभिन्न प्रकारको खाद्यान्न, रैथाने र मसला बालीको बीउ उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो। "खाद्यान्नअन्तर्गत धान र मकै, रैथाने बालीअन्तर्गत कोदो, फापर, मास र कागुनो तथा मसला बालीअन्तर्गत अधुवा र हलेदोको बीउ उपलब्ध हुन्छ", प्रमुख प्रशासकीय अधिकृत बिसीले भन्नुभयो। बीउ पैँचो कार्यक्रममा कृषकको आकर्षण बढ्दै गएको उहाँको भनाइ छ।

पालिकाले उपलब्ध गराएको बीउबाट किसानले बीउ उत्पादन गर्नुपर्ने प्रावधान रहेको प्रमुख प्रशासकीय अधिकृत बिसीले बताउनुभयो। "निश्चित समयपछि किसानले पालिकाले अनुदानमा उपलब्ध गराएको बीउ पालिकामै फिर्ता गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "किसानले पालिकाले जतिमात्रामा बीउ उपलब्ध गराएको थियो, त्यति पालिकालाई फिर्ता गरेर बाँकी आफूखुसी बेच्न सक्नुहुन्छ।" यसरी किसानले फिर्ता गरेको बीउ पुनःअन्य किसानलाई उपलब्ध गराएर बीउ पैँचो कार्यक्रम सञ्चालन गर्ने उहाँले बताउनुभयो। "सुरुको वर्षमा किसानलाई आवश्यकपर्ने बीउ बाहिरबाट ल्याउनुपर्ने हुन्छ। विस्तारै यही उत्पादन बढ्न थालेपछि किसानबीच बीउ पैँचोको अभ्यास सुरु हुन्छ", उहाँले भन्नुभयो। पालुङटारले किसानसँग बीउ पैँचो कार्यक्रमका लागि चालु आव २०८२/८३ मा रु दुई लाख विनियोजन गरेको छ। पालिकाले हाल कार्यक्रम जारी गरेर इच्छुक किसानलाई कार्यक्रममा आबद्ध हुन सूचना प्रकाशन गरिसकेको छ। गत वर्ष कार्यक्रममा आबद्ध भएका किसानले बीउसमेत फिर्ता गरिसकेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत बिसीले उल्लेख गर्नुभयो। कार्यक्रम किसानको मागमा आधारित हुन्छ। विशेषगरी पालिकाको रैथाने बाली प्रवर्द्धन गर्न, कृषकको जीविकोपार्जनमा सहयोग पुऱ्याउन र पालिकालाई बीउमा आत्मनिर्भर बनाउन 'किसानसँग बीउ पैँचो' कार्यक्रम सञ्चालन गरिएको पालिकाले जनाएको छ।

# विविध कार्यक्रम बीच सहाराले मनायो २९औं वार्षिकोत्वस

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत




पोखरा महानगरपालिका वडा नं. ९ अवस्थित श्री सहारा बाल आधारभूत विद्यालयले २ ९ औं वार्षिकोत्सब कार्यक्रम बिबिध कार्यक्रमका बीच सम्पन्न गरेको छ।

उक्त कार्यक्रममा विद्यालयका अध्यक्ष श्री विक्रम थकालीको अध्यक्षता र प्रमुख अतिथि पोखरा मनपाका वडा नं.०९, का अध्यक्ष श्री दिपेन्द्र मर्सानी को उपस्थिति रहेको यस समारोहमा विद्यालयकी प्रधानाध्यापक श्री लोचना कुमारीले सबै उपस्थीत पाहुनाहरुलाई मन्तब्य मार्फत स्वागत गर्दै बिद्यालयको समग्र गतिबिधि समेटि प्रतिबिदेन समेत प्रस्तुत गरेकि थिईन्।

बिद्यालयले २९ औं वार्षिकोत्सब समारोहको अवसर पारी विद्यालयको ऐतिहासिक पृष्ठभूमि समेटेर "शैक्षक दर्पण" वडा अध्यक्ष दिपेनद्र मर्सानीले विमोचन गरेका थिए।

विद्यालयका ६-८ कक्षाका विद्यार्थीहरुलाई खाजा सौजन्य प्रदान गरेको हिमश्री फूडस् प्रा.लि.का निर्देशक प्रकाश के.सीले विद्यालयलाई सहयोग गर्न पाउँदा खुसी व्यक्त गर्दै आगामि दिनमा पनि साथ र सहयोगमार्फत जोडिने प्रतिवद्दता व्यक्त गरे। विद्यालयले गत शैक्षिक सत्रमा कक्षा उत्तर्ण विद्यार्थीहरु, विभिन्न अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत गरेको थियो। सहि क्रममा विद्यलयका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाइ विद्यालयमा स्थापित अक्षयकोष मार्फत छात्रबृत्ति वितरण गरेको थियो।

विद्यालयलाई सहयोग गर्ने व्यक्त तथा संघसंस्थाहरुः सपना गुरुङ, हिमश्री फूड्स प्रा.लि., एल जी एशोसियसन यु.के, नेलम्वो नेपाल, कृष्णटोल आमा समूह, सवि गुरुङ, रक्षा गुरुङ, विनु राना, प्रमिला घले र दिक्षा अधिकारीलाई विद्यालयले सम्मान गरेको थियो।

सोहि क्रममा विद्यालयका शिक्षक द्वय सागर पौडेल र विद्यादेवी गुरुङलाई पनि सम्मान गरेको थियो। कार्यक्रममा शिक्षाप्रेमी महेश गुरुङ, शिक्षा महाशाखाका शिक्षा अधिकृत जीवन प्रसाद रेग्मी, सरस्वती श्रेष्ठ, रुपा के.सी, सहारा क्लब पोखराका निवर्तमान अध्यक्ष केशवराज बराल, अक्षयकोष दाता सपना गुरुङ लागाएतले विद्यालयलाई शुभकामना दिए।

कार्यक्रममा प्रमुख अतिथि दिपेन्द्र मर्सानीले विद्यालयले २९ वर्ष सफलतापूर्वक पार गरि शैक्षिक दर्पण प्रकाशन गरकोमा बधाई व्यक्त गर्दै विद्यालयको टिमले उत्कृष्ट ढंगवाट काम गरेको देख्दा आफू प्रभावित भएको बताउँदै विद्यालयका प्र.अ र अध्यक्षलाई धन्यवाद व्यक्त गरे। साथै स्थानीय तहले विद्यालयलाई गर्नुपर्ने सम्पूर्ण साथ र सहयोगमा आफ्नो उपस्थिती सदैव रहेन प्रतिवद्दता व्यक्त गरे।

कार्यक्रममा समापनका क्रममा विद्यालयका अध्यक्ष विक्रम थकालीले विभिन्न विधामा उत्कृष्ट भई विद्यालयको गरिमा उच्च राख्ने विद्यार्थीहरुलाई बधाई दिदै सफलताको कामना गरे सोहि क्रममा विद्यालयलाई स्थापना देखि हालसम्म साथ र सहयोग गर्ने संस्थपक, सयोगी दाता, विभिन्न सहयोगी संघसंस्था,सल्लाह सुझाव प्रदानगर्नुहुने सम्पूर्णलाई स्मरण गर्दै २९औ वार्षिकोत्सव सभ्य र भव्य रुपमा समापन गर्न लागि पर्नुहुने शिक्षक, विद्यार्थी, अभिभावक, सहयोगी दाताहरु, लगाएत उपस्थित अतिथि सवैलाई धन्यवाद व्यक्त गरे।

# म्याग्दीमा आर्थिक गणनाको तयारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ चैत

आगामी वैशाख २ देखि असार ७ गतेसम्म देशव्यापी रूपमा सञ्चालन हुने आर्थिक गणनाका लागि म्याग्दीमा तयारी थालिएको छ।

बेनीको हाडेभिरस्थित शिक्षा विकास तथा समन्वय इकाइको भवनमा सम्पर्क कार्यालय स्थापना र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरेर आर्थिक गणनाको तयारीलाई तीव्र पारिएको हो। राष्ट्रिय तथ्याङ्क कार्यालय बागलुङले आज आयोजना गरेको अन्तरक्रियामा आर्थिक गणना अधिकारी घनश्याम सापकोटाले चैत महिनाभर गणनाको तयारी पूरा गरिने जानकारी दिनुभयो।

चैत मसान्तसम्म गणकको नियुक्ति, गणकलाई तालिम प्रदान र पालिका तहमा सरोकारवालाबीच छलफल सकेर गणना सुरु गरिने उहाँले बताउनुभयो। म्याग्दीमा आर्थिक गणनाका लागि १९ जना गणक र तीन जना सुपरीवेक्षक परिचालन हुने कार्यक्रममा जानकारी गराइएको थियो। म्याग्दीमा आर्थिक गणना सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्यको संयोजकत्वमा जिल्ला जनगणना समन्वय समिति गठन भइसकेको छ। प्रजिअ आचार्यले सङ्कलन हुने सूचनाले देशको नीति र योजना निर्माणमा सहयोग पुग्ने भएकाले आर्थिक गणनालाई सफल पार्न सबै क्षेत्र र तहबाट सकारात्मक भूमिका खेल्न आग्रह गर्नुभयो। पालिका तहमा स्थानीय तह समन्वय समिति र वडास्तरमा वडास्तरीय सहजीकरण समिति पनि गठन गर्न थालिएको छ। 'समग्र अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नार ासहित चालु आवभित्र सम्पन्न हुनेगरी देशैभर दोस्रो पटक आर्थिक गणना गर्न लागिएको हो।

विसं २०७५ को वैशाखमा पहिलो पटक आर्थिक गणना भएको थियो। यस गणनाका दौरानमा म्याग्दीका जिल्लाका १८ वटा आर्थिक क्षेत्रका आधारभूत विवरण सङ्कलन गरिने भएको छ। जसमा देशैभर रहेका दर्ता भए, नभएका ठूला साना, व्यापारिक प्रतिष्ठान, उद्योग, कलकारखाना, होटललगायत रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार प्रतिष्ठानको तथ्याङ्क सङ्कलन गरिने गणना अधिकारी सापकोटाले बताउनुभयो।

# शासकीय सुधारका एक सय कार्यसूचीमा 'डिजिटल' शासन

**रासस**
काठमाडौं, १७ चैत

सरकारले शासकीय सुधारका एक सय कार्यसूचीमार्फत 'डिजिटल' शासन र 'डेटा गभर्नेन्स'लाई प्राथमिकतामा राख्दै कार्यान्वयन सुरु गरेको छ।

मन्त्रिपरिषद्को गत शुक्रबार बसेको पहिलो बैठकले स्वीकृत गरेको कार्यसूचीअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने प्रक्रिया अघि बढाएको छ भने बेटिङ एप बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ।

अब सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी, कागजरहित र अन्तरआबद्ध बनाइनेछ। यसअन्तर्गत विद्यमान एकीकृत कार्यालय व्यवस्थापन प्रणाली 'जिआइओएमएस' प्रणालीलाई एक सय दिनभित्र थप सुदृढ र प्रयोगकर्तामैत्री बनाइने जनाइएको छ।

नागरिकको विवरण एक पटक मात्रै सङ्कलन गरी अन्य निकायले सोही डेटा प्रयोग गर्ने व्यवस्था गरिने र सरकारी 'एप' तथा 'पोर्टल'लाई सरल बनाइने भएको हो। शासकीय सुधारका लागि नागरिक एपमार्फत अनलाइन आवेदन सहज बनाउने, 'अटो फिल' प्रणाली लागू गर्ने तथा प्रहरी प्रतिवेदन, राहदानी र सवारीचालक अनुमतिपत्रका लागि आवेदन ४५ दिनभित्र डिजिटल माध्यमबाटै दिन सकिने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ। साथै, सेवा लिन भौतिक उपस्थित हुनुपर्ने अवस्थामा अनलाइन ' अपोइन्टमेन्ट' प्रणालीमार्फत समय छनोट गर्न सकिने व्यवस्था तीन महिनाभित्र लागू गरिनेछ। सरकारले डिजिटल हस्ताक्षर प्रणालीलाई समेत विस्तार गर्ने योजना अघि सारेको छ। 'एनआइडी कार्ड', ' बायोमेट्रिक' वा 'ओटिपी'मार्फत 'इसिग्नेचर' प्रयोग गरी सेवा लिन सकिने व्यवस्था गर्न अध्ययन प्रक्रिया अघि बढाइएको छ।

त्यस्तै, फाइल ट्र्याकिङ प्रणाली लागू गरी ढिलाइ भएमा स्वचालित 'अलर्ट' जाने व्यवस्था ३० दिनभित्र कार्यान्वयन गरिनेछ। प्रमाणपत्रहरू 'अनलाइन डाउनलोड' गर्न मिल्ने व्यवस्था १५ दिनभित्र लागू गरिनेछ भने कर्मचारीको डिजिटल प्रोफाइल र हेलो सरकार प्रणाली सुधार गर्ने योजना पनि कार्यसूचीमा समावेश छ। डिजिटल गभर्नेन्स र व्यक्तिगत डाटा संरक्षणसम्बन्धी नीति तथा कानुन ६० दिनभित्र तर्जुमा गरिनेछ भने सूचना प्रविधि तथा डिजिटल गभर्नेन्ससम्बन्धी स्वतन्त्र नियामक निकाय स्थापना गर्ने तयारी पनि अघि बढाइएको छ। सरकारले सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक तथा 'नेसनल इन्टरप्राइज आर्किटेक्चर फ्रेमवर्क' ६० दिनभित्र तयार गर्ने लक्ष्य लिएको छ।

सरकारले 'राष्ट्रिय एकीकृत डिजिटल शासन प्लेटफर्म' स्थापना गरी सबै सेवा एउटै प्लेटफर्ममार्फत उपलब्ध गराउने लक्ष्य राखेको छ।

यसका लागि राष्ट्रिय डाटा एक्सचेन्ज प्लेटफर्म स्थापना तथा सञ्चालनको काम १०० दिनभित्र सुरु गरिनेछ।

यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गर्ने, हालको सूचना प्रविधि विभाग खारेज गर्ने र सम्बन्धित सबै निकायलाई एकीकृत गर्ने योजना तीन महिनाभित्र पूरा गरिने जनाइएको छ।

# नेपाल लाओससँग पराजित

**रासस**
काठमाडौं, १७ चैत

एएफसी एसियन कप छनोट फुटबल प्रतियोगिताअन्तर्गत समूह 'एफ'को अन्तिम खेलमा नेपाल लाओससँग पराजित भएको छ।

लाओसको नेसनल रङ्गशालामा मंगलबार भएको खेलमा नेपाल १-० गोलअन्तरले पराजित भएको हो। खेलको पहिलो 'हाफ'सम्म प्रतिरक्षा गरिरहेको नेपालले दोस्रो 'हाफ'मा गोल खायो। लाओसका कप्तान बोउनफचान बोन्कोंगले खेलको ४८ औं मिनेटमा गोल गरेका थिए।

नेपालले गोल फर्काउन निकै प्रयास गरे पनि अन्ततः हार बेहोर्नुपऱ्यो। नेपाल एसियन कप छनोटबाट यसअघि नै बाहिरिसकेको थियो। समूह ' एफ'मा नेपालले छ खेलबाट तीन अङ्क मात्र जोडेको थियो।

# कर्मचारीका लागि योग तथा तनाव व्यवस्थापन शिविर

**पोखरापत्र संवाददाता**
दमौली, १७ चैत

कर्मचारी मिलन केन्द्र तनहुँ र आधिकारिक ट्रेड युनियनको आयोजनामा मंगलबारदेखि दमौलीमा राष्ट्रसेवक कर्मचारीका लागि योग तथा तनाव व्यवस्थापन शिविर सुरु गरिएको छ।

पतञ्जलि योग समिति तनहुँको प्राविधिक सहयोग तथा समन्वयमा कर्मचारीलाई लक्षित गरी १० दिवसीय निःशुल्क योग तथा तनाव व्यवस्थापन शिविर सुरु गरिएको हो। जिल्ला न्यायाधीश विष्णुप्रसाद उपाध्यायले योगले मानसिक शान्ति र कार्यक्षमता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँदै राष्ट्रसेवक कर्मचारीहरूले यस्तो अभ्यासलाई दैनिक जीवनमा अपनाउनुपर्नेमा जोड दिनुभयो।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले कर्मचारीहरूको मानसिक तथा शारीरिक स्वास्थ्य सुदृढ भएमा सार्वजनिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने उल्लेख गर्दै यस्ता कार्यक्रमको निरन्तरता आवश्यक रहेको बताउनुभयो।

शिविरमा एक सय बढी राष्ट्रसेवक कर्मचारीको सहभागिता रहेको आयोजकले जनाएको छ।

# अनन्ता सामुदायिक सेवा समितिमा हिमादेवी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत



पोखरा-२ स्थित श्री अनन्ता सामुदायिक सेवा समितिले शनिबार आफ्नो २८ औं वार्षिक साधारण सभा एवं १४ औं अधिवेशन तथा विविध क्षेत्र सम्बद्ध ब्यतित्व सम्मान कार्यक्रम सम्पन्न गरेको छ।

संस्थाका अध्यक्ष सरिता सुवेदीको अध्यक्षता रहेको कार्यक्रममा वरिष्ठ लोक गायिका एवं साहित्यकार प्राज्ञ हरिदेवी कोइरालाको प्रमुख आतिथ्यता रहेको थियो। संस्थाका उपाध्यक्ष हिमादेवी बराल रेग्मीले आफ्ना शब्दगुच्छाहरूद्वारा उपस्थित सम्पूर्णलाई स्वागत गर्नुभएको थियो भने प्रमुख अतिथिबाट पानसमा दियो बाली उद्घाटन गरिएको कार्यक्रममा पूर्व अध्यक्ष रंगिता सुवेदी, ज्येष्ठ सदस्य बाटुली सुवेदी सम्मानित हुनुभएको थियो।

यसैगरी २०८१ सालको एस.ई.ई. उत्तीर्ण सदस्यका छोरा छोरीहरूलाई पनि सम्मान गरिएको थियो। सोही अवसरमा संस्थाद्वारा स्थापित अनन्ता भाग्योदय छात्रवृत्ति तथा गुणराज स्मृति छात्रवृत्ति श्री विन्ध्यवासिनी मा.वि. पोखरा-२ मा अध्ययनरत गरिब तथा जेहेन्दार छात्रछात्राहरूलाई प्रदान गरिएको थियो। प्राज्ञ कोइरालाबाट वाचन भएको गिती कविता निकै मार्मिक थियो भने "सरु मै रानी" तथा "के फूल फूल्यो खोली तिरैमा" जस्ता गीतका भाकाले सभाहल नै गुञ्जायमान भएको थियो। ज्येष्ठ सदस्यहरू आफ्ना विगतका भावहरू ताजा गराउँदै गीतमा नाचेर रमाउनुभएको थियो। कार्यक्रममा विमला रेग्मी, कल्पना सुवेदी, विजया रेग्मी, सुशीला रेग्मी, वडा महिला सदस्य वडा नं. २ का गोमा सुवेदी तथा विन्ध्यवासिनी मा.वि. वरपाटनका प्राचार्य वसन्त पाण्डेले आफ्ना भनाइहरू राख्नुभएको थियो। अधिवक्ता जनकल्याण पराजुलीको संयोजकत्वमा बनेको निर्वाचन मण्डलले हिमादेवी बराल रेग्मीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ। नयाँ कार्यसमितिमा क्रमशः उपाध्यक्ष लक्ष्मी रेग्मी, सचिव, विन्दु शर्मा, कोषाध्यक्ष सिर्जना पराजुली, सहसचिव सुनिला रेग्मी, सदस्यहरु टिका सुवेदी, सीता सुवेदी, रुपा रेग्मी सम्भना रेग्मी गीता सुवेदी रञ्जिता पराजुली, रञ्जु पराजुली र कल्पना सुवेदी रहेका छन् साथै संस्थाका निवर्तमान अध्यक्ष कमला पराजुलीले संयोजक गर्नुभएको कार्यक्रमलाई सचिव लक्ष्मी रेग्मीले सञ्चालन गर्नुभएको थियो।

# याङ्जाकोटमा फोटो पत्रकारको साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत



नेपाल फोटो पत्रकार संघ कास्कीको साधारण सभा मंगलबार भएको छ। कास्कीको मादी गाउँपालिका-३ याङ् जाकोटमा साधारण सभा भएको हो।

साधारण सभाको नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले उद्घाटन गरेका थिए। कार्यक्रममा उनले दिगो र व्यावसायिक फोटो पत्रकारिता अहिलेको आवश्यकता रहेको बताए। सूचना प्रविधिको युगमा स्तरीय फोटो खिच्न चूनौति रहेको उनको भनाइ थियो। सोही कारण समाचारको अभिन्न अंग फोटो व्यावसायिक बनाउँदै लैजानुपर्नेमा उनले जोड दिए।

साधारण सभाबाट संघले गरेको प्रमुख उपलब्धि र सिकाईहरुको विश्लेषण गर्दै आगामी वर्षका कार्यक्रम, संस्थागत संरचना र रणनीतिक योजनाहरु औपचारिक रुपमा पारित गरिएको छ। साथै, सचिव धनबहादुर गुरुङको प्रगति प्रतिवेदन र कोषाध्यक्ष युनिश गुरुङको आर्थिक प्रतिवेदन पनि सर्वसम्मतले पारित गरेको थियो। साधारण सभाले संस्थापक अध्यक्ष, घनश्याम पौडेलको संयोजकत्वमा फोटो पत्रकार अक्षयकोष सञ्चालन कार्यविधि निर्माण समिति बनाएको छ। उक्त समितिको सदस्यमा पूर्वअध्यक्ष कृष्णमणि बराल र निवर्तमान अध्यक्ष दुर्गाप्रसाद पौडेल रहेका छन्। नेपाल फोटो पत्रकार संघ, कास्कीका अध्यक्ष राम गुरुङले आगामी दिनमा आगामी दिनमा मल्टिमिडिया तालिम गर्ने, फोटो प्रदर्शनीलाई निरन्तरता दिने, फोटो यात्रालाई निरन्तरता दिने, अक्षयकोषलाई वृद्धि गर्दै जाने, फोटो पत्रकारितामा योगदान दिने फोटो पत्रकारलाई सम्मान गर्ने लगायतको कार्यक्रम गर्ने योजना सुनाए। नेपाल फोटो पत्रकार संघ, कास्कीकी उपाध्यक्ष राधिका कंडेलले आगामी दिनमा संस्थालाई अझै क्रियाशिल बनाउँदै लैजाने बताइन्।

# आगामी बजेट: सुरु भइसकेका योजना प्राथमिकतामा, नयाँ योजनाको लाभ-लागत विश्लेषण अनिवार्य

**रासस**
काठमाडौं, १७ चैत

हाल काम सुरु भइसकेका तथा क्रमागत प्रकृतिका आयोजनालाई चाँडो सक्नेगरी पर्याप्त बजेट विनियोजन गर्ने र नयाँ योजना तथा कार्यक्रम प्रस्ताव गर्दा लाभ-लागत विश्लेषणसहित पूर्वतयारी गरिसकेर तत्काल कार्यान्वयनमा जान सक्नेलाई मात्रै बजेट प्रस्ताव गर्नेगरी मन्त्रालयहरूसँग प्रारम्भिक छलफल सुरु भएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा प्रक्रियालाई थप अनुशासित, परिणाममुखी र यथार्थपरक बनाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले बजेट तर्जुमा 'चेकलिस्ट' तयार पारेको हो। आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने योजना तथा कार्यक्रमबारे आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग छलफल गर्ने कार्यसूची रहेको आयोगका सहायक प्रवक्ता डा दिवाकर लुईंटेलले जानकारी दिनुभयो।

उहाँका अनुसार भोलि बुधबार वन तथा वातावरण मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल हुने छ। बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत यसअघि आयोगले सोमबार गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आइतबार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल गरिसकेको छ।

आयोगका अनुसार विषयगत मन्त्रालय तथा निकायहरूले आगामी आर्थिक वर्षको बजेटका लागि विस्तृत आधारसहितका योजना तथा कार्यक्रम मात्रै प्रस्ताव गर्नुपर्नेछ। विशेषगरी कार्यान्वयनमा जान सक्ने तयारी पूरा भएका र तत्काल परिणाम दिन सक्ने आयोजनालाई बजेटमा समावेश गर्ने नीति लिइएको छ। अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षका लागि रुपान्तरणकारी बजेट ल्याउने बताउँदै आउनुभएको छ। सोही अनुसार अर्थ मन्त्रालयको समन्वयमा योजना आयोगले विषयगत मन्त्रालयहरूसँगको छलफलमा प्राथमिकता निर्धारण गरेर मात्रै योजना तथा कार्यक्रम प्रस्ताव गर्न भनेको हो।

आयोगका अनुसार चालु आर्थिक वर्षमा सुरु भइसकेका तथा क्रमागत आयोजनालाई पर्याप्त बजेट विनियोजन गरी छिटो सम्पन्न गर्ने रणनीति अपनाइनेछ। त्यसैगरी मन्त्रालयहरूले प्रस्ताव पेस गर्दा चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति विवरण अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको विश्लेषणसमेत पेस गर्नुपर्ने प्रावधान 'चेकलिस्ट' मा राखिएको छ। त्यसैगरी, आयोजना बैङ्कमा समावेश राष्ट्रिय गौरवका आयोजना तथा प्रमुख कार्यक्रमहरूको वर्तमान अवस्था पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। यसले दीर्घकालीन महत्वका आयोजनाको प्रगति मूल्याङ्कनमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ। सरकारले १६औं योजनासँग बजेटको तालमेल मिलाउन पनि जोड दिएको छ। सोअनुसार, मन्त्रालयहरूले आगामी वर्षका लागि रूपान्तरणकारी रणनीति तथा कार्यान्वयन गर्नुपर्ने प्रमुख कार्यक्रम र आयोजना स्पष्ट रूपमा प्रस्ताव गर्नुपर्नेछ। अर्थ मन्त्रालयले उपलब्ध गराएको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को बजेट सीमा र मध्यमकालीन खर्च संरचनाअनुसार मन्त्रालयहरूले स्रोत र खर्चको यथार्थपरक प्रक्षेपणसहित प्रस्ताव पेस गर्नुपर्नेछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रस्तावित आयोजनामा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, जग्गा प्राप्ति अवस्था, कार्यान्वयन समयतालिका र खरिद योजना अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। साथै, आयोजनाबाट प्राप्त हुने अपेक्षित प्रतिफल पनि स्पष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ। राष्ट्रिय गौरवका आयोजना तथा बहुवर्षीय आयोजनाहरूमा गरिएको स्रोत सुनिश्चितताको विवरण पनि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। यसले बजेट प्रतिबद्धताको पारदर्शिता बढाउने विश्वास गरिएको छ। सरकारले छिटो प्रतिफल दिने, निर्धारित समय र लागतमा सम्पन्न हुन सक्ने तथा आगामी आर्थिक वर्षमै सम्पन्न हुने आयोजनालाई विशेष प्राथमिकता दिने नीति लिएको छ। कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्नुपर्नेछ। निरन्तरता दिनुपर्ने, पुनरावलोकन गर्नुपर्ने र खारेज गर्नुपर्ने आयोजनाको स्पष्ट सूचीसहित प्रस्ताव गर्नुपर्नेछ।

अधुरा तथा रुग्ण आयोजनाको विवरणसहित पुनर्संरचना वा पुनरावलोकन गर्नुपर्ने योजनाहरू पनि छुट्टै रूपमा प्रस्तुत गर्नुपर्नेछ। यसले लामो समयदेखि अलपत्र रहेका आयोजनाको व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। विगतमा सम्पन्न भइसकेका आयोजनाबाट सिर्जित वित्तीय दायित्वलाई बजेटमा समावेश गरिएको वा नगरिएको विषय पनि अनिवार्य रूपमा खुलाउनुपर्नेछ। आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० अनुसार सङ्घबाट सञ्चालन हुनुपर्ने आयोजना मात्र प्रस्तावमा समावेश भए/नभएको पनि जाँच गरिनेछ। अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटका लागि योजना तथा कार्यक्रम प्रस्ताव गर्न चैत १५ गतेसम्मको समय दिएको थियो।

यो अवधिमा प्रस्तावित योजना तथा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट गरिसक्नुपर्ने भनिए पनि नयाँ सरकारले बजेटका लागि पर्याप्त गृहकार्य गर्न नपाएका कारण त्यो समयसीमालाई बढाइएको अर्थ मन्त्रालयले जनाएको छ। "हामीले चैत १५ भित्र प्रस्तावित योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनेका थियौं। तर यसमा अर्थ मन्त्रालय केही लचक हुन्छ", अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले राससलाई भन्नुभयो। सत्तारूढ दलको चुनावी वाचापत्र, मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची, सुशासन मार्गचित्र, २०८२ मा राखिएका प्रावधानलाई लगायतका बजेटमा समेट्नका लागि पनि एलएमबिआइएसमा योजना तथा कार्यक्रम प्रस्ताव गर्ने समयसीमा थप गर्न आवश्यक रहेको अर्थ मन्त्रालयले जनाएको छ।

# धवलागिरिको माकुसका किसान व्यावसायिक जडीबुटीखेतीमा आकर्षित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ चैत



यहाँको धवलागिरि गाउँपालिका-५ मल्कवाङको माकुसका किसानले व्यावसायिक रूपमा जडीबुटीखेती गरेका छन्। परम्परागत खेतीको विकल्पमा सतुवा जातको जडीबुटीखेती गरेका हुन्। माकुसका बलबहादुर रोकाले चार रोपनी पाखोबारीमा सतुवाखेती गरेको बताउनुभयो।

"इलामबाट प्रतिगोटा रु ३० का दरले बिरुवा किनेर ल्याई सतुवा रोपेको हो", उहाँले भन्नुभयो, "एक सय किलोग्राम सतुवा उत्पादन भएको छ।" केही वर्षअघिसम्म प्रतिकिलोग्राम रु १६ हजारमा बिक्री हुने सतुवाको मूल्य घटेर रु पाँच हजार प्रतिकिलोमा झरेकाले बिक्री गर्न नपाएको उहाँले बताउनुभयो। रोकाले सतुवाको गानाका साथै १० हजार नयाँ बिरुवा तयार पार्नुभएको छ। यसअघि मकै, गहुँ, कोदो, उवा, जौँखेती हुने पाखोबारी र खोल्साको पाखामा सतुवा लगाएको रोकाले बताउनुभयो। तत्कालीन सशस्त्र द्वन्द्व पछि ४५ वर्षीय रोका खेतीकिसानी र पशुपालन गर्दै आउनुभएको थियो। समुद्री सतहदेखि दुई हजार ३०० मिटर उचाइमा भिरालो पाखामा अवस्थित माकुसको भूगोल र हावापानी अनुकूल तथा उच्च मूल्य पाइने भएकाले सतुवाखेती गरेको रोकाले बताउनुभयो।

उहाँले सतुवाखेतीका साथै व्यावसायिक बाख्रापालन पनि गर्नुभएको छ। पचासभन्दा बढी बाख्रा पाल्नुभएको छ। माकुस नजिकैको जङ्गलमा प्राकृतिक रूपमा पनि सतुवा उत्पादन हुँदै आएको थियो। परम्परागत खाद्यबाली खेती गरेर लागत पनि उठाउन नसक्ने अवस्था भएपछि विकल्पमा जडीबुटीखेती गरेको रोकाले भन्नुभयो। वैदेशिक रोजगार र परम्परागत खेतीकिसानीको विकल्पमा व्यावसायिक जडीबुटीखेती गरेका रोकालाई धवलागिरि गाउँपालिकाले सतुवाखेती गरेको बारीमा पर्खाल बनाएर घेराबार गर्न गत वर्ष रु एक लाख अनुदान सहयोग गरेको वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो। त्यसैगरी, सतुवाको बिरुवा भएको पल्टमा पलास्टिकको टनेल बनाउन सकेमा तापक्रम सन्तुलित बनाउन, हिउँ, असिना र रोगकीराबाट बचाउन सकिने रोकाको अपेक्षा छ। औषधि बनाउन प्रयोग हुने सतुवा पेट दुखेको, घाँटी दुखेको, सर्पले टोकेको र मानिसले विष सेवन गरेको बेलामा प्रयोग गर्ने चलन छ।

# ट्याक्टर दुर्घटनामा बालकको मृत्यु

**रासस**
तनहुँ, १७ चैत

तनहुँको देवघाट गाउँपालिका-४ काफलडाँडामा ट्याक्टर दुर्घटनामा परी बालकको मृत्यु भएको छ। देवघाट गाउँपालिका-१ कोटाका शिवबहादुर गुरुङको मृत्यु भएको प्रहरीले जनाएको छ।

काफलडाँडास्थित भित्री सडक खण्डमा नारायणघाटबाट सिङ्तानतर्फ जाँदै गरेको ग १ त १५२३ नम्बरको ट्याक्टर दुर्घटना हुँदा बालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो। उहाँका अनुसार दुर्घटनामा परी देवघाट-१ कोटाका ३० वर्षीय ट्याक्टर चालक विष्णु माझी घाइते हुनुभएको छ। उहाँले भन्नुभयो, "चालक माझीको मुख, नाक र छातीमा चोट लागेको छ, भने अवस्था मध्यम रहेको छ। चालकले नियन्त्रण गुमाउँदा सडकबाट ट्याक्टर करिब १५ मिटर तल खसेर दुर्घटना भएको हो।"

# त्रिविविले प्रवासी नेपालीलाई 'अनलाइन'मार्फत पढाउने

**रासस**
काठमाडौं, १७ चैत

त्रिभुवन विश्वविद्यालयले 'अनलाइन'मार्फत प्रवासी नेपालीलाई पढाउने भएको छ। नेपाली कामदार जाने देशहरू जापान, कोरिया, दक्षिणपूर्वी एसिया र भारतका उत्तरीक्षेत्रमा कार्यरत प्रवासी नेपालीलाई विश्वविद्यालयले स्नातक तहका विषयहरू अध्यापन गराउने भएको हो।

त्रिवि उपकुलपतिको कार्यालय कीर्तिपुरमा आज आयोजित छलफलमा उपकुलपति प्राडा दीपक अर्यालले खाडी देशका नेपाली भाषी समुदाय र प्रवासी नेपालीलाई लक्षित गरी तत्कालका लागि व्यवस्थापन सङ्कायअन्तर्गत बिबिएस र नेपाली भाषा तथा मौलिक संस्कृतिका पक्षहरू समेटेर प्रयोगात्मक परीक्षा आवश्यक नपर्ने नयाँ शैक्षिक कार्यक्रम निर्माण गरी अनलाइन कक्षा सञ्चालन गरिने बताउनुभयो। विश्वविद्यालयका शिक्षाध्यक्ष प्राडा खडग केसीले उच्चशिक्षाको आकाङ्क्षा पूरा गर्न नसकी बाध्यात्मक रूपमा विदेशिएका नेपाली लाभान्वित हुन सकून् भनेर गत मङ्सिर १० गतेको त्रिवि सभामा पास भएको नीतिबमोजिम प्रवासी नेपालीलाई समेटेर खुला तथा दुर शिक्षा केन्द्रद्वारा अनलाइन कक्षा सञ्चालन गर्न लागिएको बताउनुभयो।


## Notice Regarding the Same Person

Pursuant to the recommendation letter received from the Ward Office, Ward No. 8 of Putalibazar Municipality, Ref. No. 693 dated 2082/12/16 BS (March 30, 2026 AD), this is to certify that Mr. Om Prasad Gurung - JC-192788P/Sub (Citizenship No. 7058), grandson of Mr. Nar Bahadur Gurung, son of Mr. Durga Prasad Gurung, a resident of Putalibazar Municipality Ward No. 8, Syangja, has his father's name/surname recorded as Durga Bahadur Gurung in his military records, whereas in his father's Nepali Citizenship Certificate No. 2 Ga. Sya., the name/surname is recorded as Durga Prasad Gurung. Although the name/surnames differ across various official records, they refer to the same individual. Therefore, for the purpose of Indian Army service, it is hereby certified that the person bearing the above-mentioned different name/surnames is one and the same individual.

Notified by:
Om Prasad Gurung - JC-192788P/Sub
Contact No. : 9713712968